# माध्यमिक शिक्षा (कक्षा १० र कक्षा १२) सरह मान्यता तथा समकक्षता निर्धारण निर्देशिका (दोश्रो संशोधन ) २०७९

नेपाल सरकार

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

नेपाल

## माध्यमिक शिक्षा(कक्षा १० र कक्षा १२) सरह
## मान्यता तथा समकक्षता निर्धारण निर्देशिका
## (दोस्रो संशोधन) २०७९

जारी मिति : २०७३।१२।१०
प्रथम संशोधनः २०७५।०६।१२
दोस्रो संशोधन :.२०७९/०४/१७

**प्रस्तावना**

शिक्षा ऐन २०२८ को आठौं संशोधन भएपछि पाठ्यक्रम विकास केन्द्रबाट स्वदेशी तथा विदेशी शैक्षिक संस्था वा बोर्डबाट माध्यमिक तह (कक्षा १० र कक्षा १२) सरहको शिक्षा पूरा गरी प्राप्त गरेका प्रमाणपत्र वा उपाधिको मान्यता तथा समकक्षता निर्धारण गर्ने प्रक्रियालाई व्यवस्थित गर्न र मान्यता तथा समकक्षता निर्धारण समितिको काम, कर्तव्य र अधिकार तोक्न वाञ्छनीय भएकाले शिक्षा ऐन २०२८(संशोधनसहितको दफा १९(क) शिक्षा नियमावली, २०५९ को नियम ३८ को उपनियम (२) तथा नियम १९२ ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** ***(१) यस निर्देशिकाको नाम “माध्यमिक शिक्षा (कक्षा १० र कक्षा१२ सरह) मान्यता तथा समकक्षता निर्धारण निर्देशिका (दोस्रो संशोधन) २०७९” रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागुहुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) “मन्त्रालय” भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनुपर्छ ।

(ख) “ऐन” भन्नाले शिक्षा ऐन, २०२८(संशोधनसहित)लाई सम्झनुपर्छ ।

(ग) “नियमावली” भन्नाले शिक्षा नियमावली, २०५९(संशोधनसहित)लाई सम्झनुपर्छ ।

(घ) “समिति” भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ३८ बमोजिम गठित मान्यता तथा समकक्षता निर्धारण समितिलाई सम्झनुपर्छ ।

(ङ) “शैक्षिक संस्था वा बोर्ड” भन्नाले विदेशमा वैधानिक रूपमा स्थापित भई सञ्चालनमा रहेका मान्यता प्राप्त विदेशी शैक्षिक संस्था वा बोर्ड सम्झनु पर्छ । यसले विदेशी बोर्डसँग सम्बन्धन लिई नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुमती वा स्विकृतिमा नेपाल राज्य भित्र सञ्चालित संस्थालाई समेत संझनु पर्छ ।

(च) “सचिवालय” भन्नाले पाठ्यक्रम विकास केन्द्रलाई सम्झनु पर्छ ।

(छ) “प्राविधिक समिति” भन्नाले मान्यता तथा समकक्षता निर्धारण समितिमा मान्यता तथा समकक्षता निर्धारण गर्ने सम्बन्धमा सिफारिस गर्न यस निर्देशिकाको दफा (८) बमोजिम गठित मान्यता तथा समकक्षता निर्धारण प्राविधिक समितिलाई सम्झनुपर्छ ।

(ज) “समकक्षता” भन्नाले स्वदेशी तथा विदेशी शैक्षिक संस्था वा बोर्डबाट कक्षा १० र कक्षा १२ वा सो सरह शिक्षा पूरा गरी नेपालको माध्यमिक तह कक्षा १० र कक्षा १२ को शिक्षा पूरा गरे सरहको मान्यतालाई

Curriculum Development Centre, Sanothimi, Bhaktapur



*प्रथम संशोधनद्वारा संशोधित

** प्रथम संशोधनद्वारा थप

***दोस्रो संशोधनद्वारा संशोधित

**** दोस्रो संशोधनद्वारा थप

सम्झनु पर्दछ ।

(झ) "धार्मिक प्रकृतिका" भन्नाले शिक्षाको मूल धारभन्दा धार्मिक प्रकृतिका विषयहरूलाई प्राथमिकता दिई शिक्षा दिइने संस्थाहरू (मदरसा, गुम्बा, गोन्पा, बुद्धिजम, संस्कृत, इस्लाम, आदि) लाई सम्झनु पर्छ ।

****(ञ) स्वीकृत भइसकेका शैक्षिक संस्था वा बोर्डहरू भन्नाले यो निर्देशिका जारी हुनु पूर्व स्वीकृत भइसकेका शैक्षिक संस्था वा बोर्डलाई जनाउँछ । यसले यो निर्देशिका जारी भइसकेपछि मान्यता तथा समकक्षता निर्धारण समितिको निर्णयबाट स्वीकृत हुने शैक्षिक संस्था वा बोर्डलाई समेत जनाउने छ ।

## परिच्छेद- २

## मान्यता तथा समकक्षता निर्धारणका लागि पेस गर्नुपर्ने कागजातसम्बन्धी व्यवस्था

Curriculum Development Centre, Sanothimi, Bhaktapur

### ३. निवेदन दिनुपर्ने :

(१) स्वदेशी तथा विदेशी शैक्षिक संस्था वा बोर्डबाट प्रमाणपत्र प्राप्त गरेका तथा विदेशी शैक्षिक संस्था वा बोर्डबाट सम्बन्धन लिई नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुमति वा स्वीकृतिमा सञ्चालित संस्थाबाट प्रमाणपत्र प्राप्त गरी निवेदन दिएका व्यक्तिलाई मात्र यो निर्देशिकाबमोजिम समकक्षता प्रदान गरिने छ ।

(२) मान्यता तथा समकक्षता निर्धारणका लागि विदेशी शैक्षिक संस्था वा बोर्डबाट माध्यमिक तहको शिक्षा सरह परीक्षा कक्षा १० र कक्षा १२ पूरा गरी प्राप्त गरेका प्रमाणपत्र वा उपाधि संलग्न राखी सचिवालयमा निवेदन दिनुपर्ने छ ।

***(३) **मान्यता तथा समकक्षता निर्धारण भइसकेका शैक्षिक संस्था वा बोर्डहरूका हकमा सम्बन्धित निवेदकले तपसिलबमोजिमका कागजात तथा शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरू पेस गर्नुपर्ने छ :**

*(क) सम्बन्धित योग्यताका प्रमाणपत्रहरू

- लब्धाङ्क पत्र/ग्रेडसिट/ट्रान्सक्रिप्ट
- उत्तीर्ण प्रमाण पत्र/प्रोभिजनल प्रमाण पत्र(पाँच बर्षका लागि मात्र)
- चारित्रिक प्रमाण पत्र/स्कुल तथा कलेज लिभिङ सर्टिफिकेट
- माइग्रेसन सर्टिफिकेट (वा समकक्षता चाहेको कक्षा/तहभन्दा माथिल्लो कक्षा/तह अध्ययन गरेको खुल्ने प्रमाण पत्र)

(ख) रु. १००० (एक हजार रुपियाँ) को राजस्व तिरेको सक्कल भौचर

(ग) अनुसूची-१मा उल्लेख भएबमोजिमको ढाँचामा निवेदन

(घ) अक्षराङ्कन पद्धति लागु भएका बोर्ड वा शैक्षिक संस्थाका हकमा श्रेणी वा ग्रेडको स्तर खुलेको कागजात

**(ङ) कक्षा १२ को प्रमाणपत्रले मात्र विषय संयोजन/पूर्णाङ्क/क्रेडिट आवर आदि नपुग भएकाको हकमा कक्षा ११ को मार्कसिट/ग्रेडसिटको प्रमाणित प्रतिलिपिसमेत पेस गर्नुपर्ने छ ।

***(४) मान्यता तथा समकक्षता निर्धारण समितिबाट निर्णय गराउनुपर्ने शैक्षिक संस्था वा बोर्डहरूबाट जारी भएका प्रमाणपत्रका लागि निवेदकले देहायबमोजिमका कागजातहरूसहित सचिवालयमा निवेदन पेस गर्नुपर्ने छ :



*प्रथम संशोधनद्वारा संशोधित

** प्रथम संशोधनद्वारा थप

***दोस्रो संशोधनद्वारा संशोधित

**** दोस्रो संशोधनद्वारा थप

(क) अध्ययन गरेको संस्था वा बोर्डको परिचय खुल्ने कागजातहरू (बुकलेट, ब्रोसियर आदि)

*(ख) नेपालको सम्बन्धित तहमा अध्यापन हुने मुख्य विषयहरूमध्ये कम्तीमा ३ ओटा विषयहरूको पाठ्यक्रम वा विस्तृत पाठ्यवस्तु जसलाई अङ्ग्रेजी भाषामा रूपान्तरण गरिएको हुनुपर्ने छ।"

*(ग) सम्बन्धित योग्यताका प्रमाण पत्रहरू :

- लब्धाङ्क पत्र/ग्रेडसिट/ट्रान्सक्रिप्ट
- उत्तीर्ण प्रमाणपत्र/प्रोभिजनल प्रमाणपत्र (पाँच बर्षका लागि मात्र)
- चारित्रिक प्रमाण पत्र/स्कुल तथा कलेज लिभिङ सर्टिफिकेट
- माइग्रेसन सर्टिफिकेट (वा समकक्षता चाहेको कक्षा/तहभन्दा माथिल्लो कक्षा/तह अध्ययन गरेको खुल्ने प्रमाण पत्र)

(घ) अनुसूची-१मा उल्लेख भएबमोजिमको ढाँचामा निवेदन

(ङ) रु. १५०० (एक हजार पाँचसय रुपियाँ) को राजस्व तिरेको सक्कलै भौचर

(च) अक्षराङ्कन पद्धति लागु भएका बोर्ड वा शैक्षिक संस्थाका हकमा श्रेणी वा ग्रेडको स्तर खुलेका कागजात

(छ) सम्बन्धित शैक्षिक संस्था वा बोर्ड सो देशको सरकारी मान्यिता प्राप्त संस्था हो भनी सम्बन्धित देशको नेपाल स्थित राजदुताबास वा काउन्सिलरको कार्यालयबाट प्रमाणित पत्र

**(ज) कसैको प्रमाण पत्रमा थप बुझ्नुपर्ने भएमा समितिले माथि उल्लेख भएका अतिरिक्त थप कागजातसमेत माग गर्न सक्ने छ।

**(झ) कक्षा १२ को प्रमाणपत्रले मात्र विषय संयोजन/पूर्णाङ्क/क्रेडिट आवर आदि नपुग भएकाको हकमा कक्षा ११ को मार्कसिट/ग्रेडसिटको प्रमाणित प्रतिलिपिसमेत पेस गर्नुपर्ने छ।

**(५) विदेशी शिक्षण संस्था वा बोर्डबाट विभिन्न कोर्सहरू अध्ययन गर्ने विद्यार्थीहरूले समकक्षताका लागि निवेदन दिँदा उपदफा (३) बमोजिमका प्रमाणपत्रसँग समकक्षी हुने प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू पेस गर्नुपर्ने छ। निवेदकले सम्बन्धित तहको अध्ययन पूरा गरेको र उक्त बोर्ड मान्यता प्राप्त हो भनी यकिन भइसकेका बोर्डहरूले जारी गर्ने प्रमाणपत्रहरू फरक फरक ढाँचाका भए पनि सोहीअनुरूप समकक्षता दिन सकिने छ।

## ४. समकक्षता सम्बन्धी थप व्यवस्था:

(१) मान्यता तथा समकक्षता निर्धारण गर्दा न्यूनतम आधारहरू निम्नानुसार अवलम्बन गरिने छ :

*(क) निवेदकले कक्षा १० का लागि १० वर्षको शिक्षा र कक्षा १२ का लागि प्रवेशिका परीक्षा वा कक्षा १० सरहको शिक्षा पूरा गरी थप २ वर्ष विश्वविद्यालय, बोर्ड वा शैक्षिक एवम् प्राज्ञिक संस्थाअन्तर्गत अध्ययन गरी कक्षा १२ वा सोसरहको शिक्षा पूरा गरेको हुनुपर्ने छ।

*(ख) कक्षा १० मा अङ्ग्रेजीसहित कम्तीमा ५ ओटा विषयको अध्ययन पूरा गरेको र कक्षा १२ मा अङ्ग्रेजीसहित कम्तिमा ५ ओटा विषयको अध्ययन पूरा भएको हुनुपर्ने छ। Intermediate Level को प्रथम वर्ष वा द्वितीय वर्षमा अङ्ग्रेजी विषय अध्ययन गरी प्रमाण पत्र तहमा ५ विषयको अध्ययन पूरा भएको हुनुपर्ने छ। मान्यता प्राप्त फरक फरक शैक्षिक संस्था वा बोर्डबाट फरक फरक विषय अध्ययन गरी विद्यालय तहको अध्ययन पूरा गरेका निवेदकलाई ती सबै विषयको संयोजन, अध्ययन पूरा गरेको Credit Hours/Grade आदि हेरी कक्षा १० वा १२ सरह उत्तीर्ण भएको देखिएमा उत्तीर्ण भएको कक्षा सरहकै समकक्षता प्रमाणपत्र दिन सकिने छ।यो निर्देशिका जारी हुनु अगावै

Curriculum Development Centre, Sanothimi, Bhaktapur



*प्रथम संशोधनद्वारा संशोधित

** प्रथम संशोधनद्वारा थप

***दोस्रो संशोधनद्वारा संशोधित

**** दोस्रो संशोधनद्वारा थप

भर्ना भई अध्ययन गरेका विद्यार्थीले कक्षा १०/१२ मा चार विषय मात्र पढी कक्षा १०/१२ को अध्ययन पूरा गरेको प्रमाण पत्र पाइसकेको भए त्यस्ता विद्यार्थीलाई पनि समकक्षता दिन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

*(ग) विदेशी बोर्ड वा शिक्षण संस्थाबाट A Level कार्यक्रम अध्ययन गर्ने विद्यार्थीले विद्यालयीय शिक्षाको अन्तिम परीक्षामा कम्तीमा तीनओटा विषयमा Advanced Level (कक्षा १२ सरह) पूरा गरेको हुनुपर्ने छ। यो निर्देशिका जारी हुनुपुर्व भर्ना भई Advanced Level को अध्ययन पूरा गरिसकेकाहरूका हकमा Advanced Level मा अध्ययन गरेको विषय सङ्ख्या तीनभन्दा कम भएको अवस्थामा कम्तीमा दुईओटा विषयमा Advanced Level को अध्ययन पूरा गरेको र थप दुई विषयमा Advanced Subsidiary (कक्षा ११ सरह) कक्षाको अध्ययन पूरा गरेको हुनुपर्ने छ। विदेशी बोर्ड वा शिक्षण संस्थाबाट International Baccalaureate कार्यक्रम अध्ययन गर्ने विद्यार्थीको हकमा २४ ग्रेड पोइन्ट प्राप्त गरी अध्ययन पूरा गरेको हुनुपर्ने छ ।

*(घ) कक्षा १२ को समकक्षता लिन विदेशी बोर्डबाट कक्षा १० वा सो सरह उत्तीर्ण गरेकाको हकमा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट उक्त कक्षाको मान्यता तथा समकक्षता निर्धारण गरेको प्रमाण पत्रसमेत प्राप्त गरी पेस गर्नुपर्ने छ। कक्षा १२ को मात्र समकक्षता लिन चाहेमा निजले कक्षा १० उत्तीर्ण गरी कक्षा ११-१२ अध्ययन पूरा गरेको यकिन गरी निजलाई कक्षा १२ को समकक्षता प्रमाणपत्र प्रदान गर्न सकिने छ।

(ङ) निवेदक विद्यार्थीले प्राप्त गरेको उपाधिको तह स्पष्ट नभएको भएमा सो तह कक्षा १० वा कक्षा १२ सरह नै हो भनी सम्बन्धित बोर्ड, विश्वविद्यालय, शैक्षिक एवम् प्राज्ञिक संस्थान वा सम्बन्धित देशको नेपाल स्थित राजदूताबास वा काउन्सिलरको उक्त संस्था वा बोर्डको आधिकारिकतासमेत खुलेको पत्र लिई आउनु पर्नेछ ।

(च) विदेशी बोर्डहरूबाट प्राप्त गरेका प्रमाण पत्र तथा अन्य कागजातहरू अङ्ग्रेजीबाहेक अन्य भाषामा भएमा सम्बन्धित निवेदकले सबै कागजातहरू विश्व भाषा क्याम्पस वा यस्तै आधिकारिक निकायबाट अङ्ग्रेजी भाषामा अनुवाद गराएर पेस गर्नु पर्नेछ ।

**(छ) विभिन्न विदेशी बोर्ड वा शिक्षण संस्थाबाट O Level, N Level, A Level, IB जस्ता प्रकृतिका कोर्सहरू पढेका विद्यार्थीले अन्य विषय अङ्ग्रेजी माध्यममा पढेको भए अङ्ग्रेजी विषय नपढेको भए पनि समकक्षता प्रदान गर्न बाधा पर्ने छैन। त्यसैगरी सम्बन्धित देश/बोर्डको पाठ्यक्रमको संरचनाअनुसार अङ्ग्रेजी विषय पढाइ नहुने तर मुख्य विषयका रूपमा रहेको भाषा विषय अध्ययन गरेका विद्यार्थीलाई पनि अन्य आधार पूरा भएमा समकक्षताको प्रमाण पत्र दिन सकिने छ ।

**(ज) यो निर्देशिका जारी हुनुपुर्व मान्यता प्राप्त विभिन्न बोर्ड वा शैक्षिक संस्थान (त्रिभुवन विश्वविद्यालयबाट प्रकाशित "Directory of Recognition and Equivalence of Educational Qualifications" र उच्च माध्यमिक शिक्षा परिषदबाट प्रकाशित "HSEB Directory of Recognition and Equivalence of Education as Qualifications" मा सूचीकृत भएका बोर्ड/शैक्षिक संस्थान) बाट कक्षा १०/१२ सरहको अध्ययन पूरा गरी समकक्षताको प्रमाण पत्र नलिई सोभन्दा माथिल्लो तहको अध्ययन पूरा गरिसकेकाहरूका हकमा निजले कक्षा १०/१२ मा अध्ययन गरेका विषय, क्रेडिट/ग्रेड आदि र माथिल्लो तहको अध्ययन गर्दा अध्ययन गरेको थप कोर्स/ब्रिजकोर्ससमेतलाई आधार मानी समितिले समकक्षता दिने सम्बन्धमा आवश्यक निर्णय लिन सक्ने छ ।

**(झ) मान्यता प्राप्त भिन्न भिन्न स्वदेशी वा विदेशी शैक्षिक संस्था वा बोर्डबाट प्राप्त उपाधिको



*प्रथम संशोधनद्वारा संशोधित

** प्रथम संशोधनद्वारा थप

***दोस्रो संशोधनद्वारा संशोधित

**** दोस्रो संशोधनद्वारा थप

Curriculum Development Centre, Sanothimi, Bhaktapur

समकक्षताका लागि क्रेडिट स्थानान्तरणको अवधारणाअनुसार विद्यार्थीले विभिन्न शैक्षिक संस्था वा बोर्डबाट प्राप्त क्रेडिटको गणना गरी मान्यता तथा समकक्षता निर्धारण समितिको निर्णयअनुसार निवेदकलाई समकक्षता प्रदान गर्न सकिने छ।

**(ञ) कक्षा १० र १२ एउटै विद्यालय/बोर्डबाट उत्तीर्ण गर्नेको हकमा चारित्रिक प्रमाणपत्र र माइग्रेसन सर्टिफिकेट कक्षा १२ कैलाई आधार बनाएर कक्षा १० को समकक्षता प्रमाणपत्र दिन सकिने छ। प्राइभेट र खुला पद्धतिबाट उत्तीर्ण गरेका निवेदकहरूले लब्धाङ्क पत्र, उत्तीर्ण प्रमाण पत्र/प्रोभिजनल प्रमाण पत्र, माइग्रेसनका प्रमाणित प्रतिलिपि पेस गर्नुपर्ने छ।

**** (ट) मान्यता तथा समकक्षता निर्धारणका लागि पेस गरेको शैक्षिक संस्था वा बोर्डको नाम यस अघि नै मान्यता प्राप्त भएकामा हाल विद्यार्थीले अध्ययन गरेका शैक्षिक संस्था वा बोर्ड वा उपाधि परिवर्तन भएकामा प्रमाणका आधारमा परिवर्तित शैक्षिक संस्था वा बोर्डको नाम र परिवर्तित उपाधिको नाम राखी समकक्षता प्रदान गर्न सकिने छ।

**** (ठ) समितिले मान्यता तथा समकक्षताका लागि दिने निवेदनका सम्बन्धमा अनलाइन आवेदन दिन सकिने गरी व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि मिति २०७३/०१/२३ को शिक्षा मन्त्रालय (माननीय मन्त्रीस्तर) को निर्णयअनुसार मिति २०७३।०१।२३ पछि नेपालमा NIOS (National Institute of Open Schooling) लगायत खुला विद्यालय पद्धतिका कुनै पनि विदेशी विश्वविद्यालय वा शिक्षण संस्थासँग सम्बन्धन लिई नेपालमा खुला विद्यालय पद्धतिको कार्यक्रम सञ्चालन गर्न बन्द गरिसकिएको हुँदा मिति २०७३।०१।२३ पूर्व विदेशी बोर्ड वा शैक्षिक संस्थाबाट सम्बन्धन लिई नेपालमा कार्यक्रम सञ्चालन गरी २०७३।०१।२३ पूर्व त्यस्ता कार्यक्रममा भर्ना भई राष्ट्रिय मुक्त विद्यालयीय शिक्षा (National Institute of Open Schooling) पद्धतिबाट माध्यमिक तह (कक्षा १० र कक्षा १२) सरहको शैक्षिक उपाधि प्राप्त गरेका व्यक्तिलाई यस अगाडि प्रदान गरे सरह नै समकक्षता प्रदान गरिने छ।

## परिच्छेद-३

## मान्यता तथा समकक्षता पत्रसम्बन्धी व्यवस्था

५. **समकक्षता पत्र प्रदान गर्ने :** ***(१) दफा (३) को उपदफा (३)बमोजिम सचिवालयमा परेको निवेदन र निवेदनसाथ पेस भएका कागजातहरूउपर आवश्यक छानबिन गरी स्वीकृत शैक्षिक संस्था वा बोर्डको सूचीमा पर्ने देखिएमा पाठ्यक्रम विकास केन्द्रले समितिले तोकेको ढाँचामा मान्यता तथा समकक्षता पत्र प्रदान गर्ने छ।

तर, २०७३।०१।२३ पछि नेपालमा NIOS (National Institute of Open Schooling) लगायत खुला विद्यालयीय शिक्षा पद्धतिका विदेशी कार्यक्रम सञ्चालन गर्न बन्द भइसकेकाले उक्त मिति पूर्व त्यस्ता कार्यक्रममा भर्ना गरी उत्तीर्ण गरेका बाहेक नेपालबाट जारी भएका उक्त पद्धतिका त्यस्ता प्रमाणपत्रको समकक्षता प्रदान गरिने छैन।

(२) दफा (३) को उपदफा (४) बमोजिम सचिवालयमा परेको निवेदन उपर आवश्यक छानबिन गरी प्राविधिक समितिको सिफारिससमेतका आधारमा समितिले निर्णय गरी उपदफा (१) बमोजिमको ढाँचामा मान्यता तथा समकक्षता पत्र प्रदान गर्ने छ।



*प्रथम संशोधनद्वारा संशोधित

** प्रथम संशोधनद्वारा थप

***दोस्रो संशोधनद्वारा संशोधित

**** दोस्रो संशोधनद्वारा थप

Curriculum Development Centre, Sanothimi, Bhaktapur

## परिच्छेद–४

## समितिको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था

**६. समितिको काम, कर्तव्य र अधिकारः**

(१) शैक्षिक संस्था वा बोर्डबाट माध्यमिक तह (कक्षा १० र कक्षा १२) सरहको शिक्षा पूरागरी प्राप्त गरेका प्रमाणपत्र वा उपाधिको मान्यता तथा समकक्षता निर्धारण गर्न गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) निवेदकले अध्ययन गरेको शैक्षिक संस्था वा बोर्ड सम्बन्धित मुलुकबाट मान्यता प्राप्त संस्था हो वा होइन यकिन गर्ने

(ख) निवेदकले पेस गरेका प्रमाणपत्रका मुख्य विषयहरूको पाठ्यक्रमको स्तर नेपालको कक्षा १० र कक्षा १२को सम्बन्धित विषयको पाठ्यक्रमको स्तरसँग मिलेनमिलेको यकिन गर्ने

(ग) निवेदकले पेस गरेका प्रमाणपत्रहरूका सम्बन्धमा आवश्यक परेमा प्राविधिक समितिबाट सिफारिस लिने

(घ) प्राविधिक समितिले सिफारिस गरेका विषयमा आवश्यकतानुसार जाँचबुझ गरी समकक्षता निर्धारणसम्बन्धी निर्णय गर्ने

(ङ) थप जानकारी लिनुपर्ने भएमा समितिका सदस्यहरूले सम्बन्धित प्रमाणपत्रवालासँग सोधपुछ गर्ने तथा थप कागजात माग गर्ने

(च) कुनै विदेशी बोर्डको आधिकारिकता सम्बन्धी जाँचबुझ गर्न जानुपर्ने भएमा स्पष्ट आधार र कारण खोली प्रस्ताव तयार पारी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्ने

(छ) समिति तथा प्राविधिक समितिको बैठकको कार्यविधि निर्माण गर्ने ।

**(ज) मान्यता तथा समकक्षता निर्धारण सम्बन्धमा आवश्यकताअनुसार थप आधार तयार गरी समकक्षता प्रदान गर्ने ।

(२) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।

(३) अध्यक्षसँग परामर्श गरी सदस्य सचिवले समितिको बैठक बोलाउने छ ।

(४) बैठकबाट निर्णय भएपछि समकक्षता निर्धारण समितिको सचिवालयले समकक्षता भएको प्रमाणित गरी अनुसूची ३ अनुसारको ढाँचामा अभिलेख राख्नेछ ।

(५) यस निर्देशिकामा नसमेटिएको वा उल्लेख नभएको विषयमा प्रचलित कानुनको प्रतिकूल नहुने गरी समिति आफैँले निर्णय गरी कार्यान्वयन गर्न सक्ने छ ।

(६) समितिको बैठकमा आवश्यकतानुसार बढीमा तीन जनासम्म सम्बन्धित क्षेत्रका विज्ञहरूलाई आमन्त्रण गर्न सकिने छ ।

**७. समितिले निर्णय पुनरावलोकन गर्न सक्नेः** कुनै कागजात वा प्रमाणपत्रको अभावमा समितिको बैठकबाट प्रमाणीकरण हुन नसकेको शैक्षिक योग्यता तथा उपाधिको पछि पुष्टि हुने कागजात पेस भई समितिलाई मान्यता तथा समकक्षता प्रदान गर्न उचित लागेमा पहिला गरिएको निर्णय पुनरावलोकन गरी प्रमाणीकरण गर्न सक्नेछ ।

Curriculum Development Centre, Sanothimi, Bhaktapur



*प्रथम संशोधनद्वारा संशोधित

** प्रथम संशोधनद्वारा थप

***दोस्रो संशोधनद्वारा संशोधित

**** दोस्रो संशोधनद्वारा थप

## परिच्छेद-५

## प्राविधिक समितिसम्बन्धी व्यवस्था

८. **मान्यता तथा समकक्षता निर्धारण प्राविधिक समितिको गठनः** (१) मान्यता तथा समकक्षता निर्धारणका लागि पेस भएका निवेदन र निवेदनसाथ संलग्न प्रमाणपत्र, पाठ्यक्रम र अन्य कागजात अध्ययन गरी समितिसमक्ष सिफारिस गर्न देहायबमोजिमको मान्यता तथा समकक्षता निर्धारण प्राविधिक समिति रहनेछ ।

(क) पाठ्यक्रम विकास केन्द्रको मान्यता, समकक्षता तथा मूल्याङ्कन शाखाका शाखा प्रमुख/निर्देशक - संयोजक

(ख) पाठ्यक्रम अधिकृत (अङ्ग्रेजी) पा.वि.के. - सदस्य

(ग) अधिकृत प्रतिनिधि राष्ट्रिय परीक्षा बोर्ड/परीक्षा नियन्त्रण कार्यालय - सदस्य

*(घ) संयोजकले तोकेको निवेदकको विषयसँग सम्बद्व पाठ्यक्रम अधिकृत वा सम्बन्धित विषयको विज्ञ मध्येबाट - तीन जना सदस्य

*(ङ) मान्यता तथा समकक्षता कार्य हेर्ने अधिकृत स्तरका कर्मचारीमध्ये संयोजकले तोकेको एक जना - सदस्य सचिव

(२) प्राविधिक समितिको बैठकमा आवश्यकतानुसार बढीमा तीन जनासम्म सम्बन्धित क्षेत्रका विज्ञहरूलाई आमन्त्रण गर्न सकिने छ ।

(३) यस उपसमितिले बैठक बसेबापत पाउने सुविधा मान्यता तथा समकक्षता निर्धारण समितिले पाउने सुविधा सरह हुने छ ।

९. **प्राविधिक समितिको काम, कर्तव्य र अधिकार**

(क) मान्यता तथा समकक्षताका लागि निवेदनसाथ संलग्न प्रमाणपत्र, उपाधि र स्तर अध्ययन गर्ने

*(ख) निवेदकले पेस गरेका प्रमाण पत्रका मुख्य विषयहरूका पाठ्यक्रमको स्तर नेपालको कक्षा १० र कक्षा १२ को अङ्ग्रेजीसहित विद्यार्थीले अध्ययन गरेको सम्बन्धित विषयको पाठ्यक्रमको स्तरसँग मिले नमिलेको यकिन गर्ने । यसरी यकिन गर्दा अङ्ग्रेजी विषय नै पढाइ नहुने बोर्डका हकमा सम्बन्धित निवेदकले सम्बन्धित देशको सोही बोर्ड वा मान्यता प्राप्त अन्य बोर्ड वा नेपालको राष्ट्रिय परीक्षा बोर्डबाट अङ्ग्रेजी विषयको परीक्षा दिई उत्तीर्ण गरेको प्रमाण पत्रसमेतलाई आधार मान्ने

**(ख१)निवेदकले सङ्काय वा विषय समूह वा ग्रेड खुलाई समकक्षता प्रमाण पत्र माग गरेमा सोको यकिन गरी मान्यता तथा समकक्षता निर्धारण समितिमा सिफारिस गर्ने

(ग) निवेदकले अध्ययन गरेको शैक्षिक संस्था वा बोर्ड सम्बन्धित देशमा मान्यता प्राप्त हो वा होइन जाँचबुझ गर्ने

(घ) मान्यता तथा समकक्षताका लागि उपयुक्त भए, नभएको सम्बन्धमा समितिसमक्ष आफ्नो रायसहित सिफारिस गर्ने

(ङ) समितिले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद ६

## मुख्य विषयहरूसम्बन्धी व्यवस्था

१०. **मुख्य विषयहरूः** *(१) शैक्षिक संस्था वा बोर्डको मान्यता तथा समकक्षताका लागि सम्बन्धित निवेदकले नेपालको



*प्रथम संशोधनद्वारा संशोधित

** प्रथम संशोधनद्वारा थप

***दोस्रो संशोधनद्वारा संशोधित

**** दोस्रो संशोधनद्वारा थप

Curriculum Development Centre, Sanothimi, Bhaktapur

माध्यमिक तह कक्षा १० को हकमा अङ्ग्रेजीसहित ५ विषयमा प्रवेशिका वा सोसरह परीक्षा पूरा गरेको र कक्षा १२ का हकमा अङ्ग्रेजीसहित कम्तीमा ५ ओटा विषय अध्ययन गरी कक्षा १२ सरह पूरा गरेको हुनुपर्ने छ। तर पूर्णरूपमा "धार्मिक प्रकृतिका" विषय मात्र अध्यापन गराउने संस्थाका हकमा अङ्ग्रेजी विषय अनिवार्य मानिने छैन। विदेशी बोर्ड वा शिक्षण संस्था वा सोसँग सम्बन्धन लिई सञ्चालन भएको संस्थाहरूको फरक प्रकतिको शैक्षिक कार्यक्रमको हकमा समितिले निर्णय गरेबमोजिम हुने छ।

**(२) सम्बन्धित देशको विषय संरचनाअनुसार कक्षा १०/१२ उत्तीर्ण गरेका तर अङ्ग्रेजी विषय अध्ययन नगरेका विद्यार्थीका हकमा राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालित वार्षिक परीक्षा प्रणालीमा सम्बन्धित तहको (Single Subject)को रूपमा अङ्गेजी विषयको अध्ययन पूरा गरेको हुनुपर्ने छ।

*(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको शैक्षिक संरचनाभन्दा फरक प्रकृतिको संरचना भएका शैक्षिक संस्था वा बोर्डका हकमा मुख्य विषयका विषयवस्तुको स्तर मिल्ने वा नमिल्ने सम्बन्धमा प्राविधिक समितिले जाँचबुझ गरी सिफारिस गरेका आधारमा समितिले निर्णय गर्ने छ।

## परिच्छेद - ७

## निर्णयसम्बन्धी कार्यविधि

***११. **निर्णय अवधिः** स्वीकृत भइसकेका शैक्षिक संस्था वा बोर्डहरूका हकमा सामान्यतया निवेदन दिएकै दिन र निर्णय गर्नुपर्ने शैक्षिक संस्था वा बोर्डका हकमा निवेदन दिएको मितिले सामान्यतया दुई हप्ताभित्र कार्य टुङ्ग्याउनु पर्ने छ। तर परराष्ट्र मन्त्रालयमार्फत् शैक्षिक संस्था वा बोर्डको बारेमा राजदूताबासबाट जानकारी लिनुपर्ने भएमा वा अन्य संस्थाहरूसँग जानकारी लिनुपर्ने भएमा उल्लिखित अवधि लागु हुने छैन।

१२. **निर्णयको आधारः** मान्यता तथा समकक्षतासम्बन्धी निर्णयका क्रममा निवेदकले पेस गरेका प्रमाणपत्रहरू, शैक्षिक संस्था वा बोर्डको परिचय, वैधानिकता, पाठ्यक्रमको स्तरसम्बन्धमा प्राविधिक समितिको सिफारिसलाई मुख्य आधारका रूपमा लिइने छ।

## परिच्छेद- ८

## निर्णय भएका बोर्डहरूसम्बन्धी व्यवस्था

१३. **निर्णय भएका शैक्षिक संस्था वा बोर्डहरूको समकक्षताः** ***(१) यस निर्देशिकाबमोजिम स्वीकृत भइसकेका शैक्षिक संस्था वा बोर्डहरूको मान्यता तथा समकक्षता प्रदान गर्दा निर्णय मिति उल्लेख गरिने छ।

*** (२) स्वीकृत बोर्ड वा शैक्षिक संस्था तथा उपाधिसम्बन्धी जानकारी पाठ्यक्रम विकास केन्द्रले सार्वजनिक जानकारीका लागि आफ्नो वेबसाइटमा राख्नुपर्ने छ।

***(३) निर्णय भइसकेका बोर्डको शैक्षिक उपाधि समान रही बोर्डको नाम, स्थान, लोगो आदि परिवर्तन भएको भए सो स्पष्ट खुल्ने सम्बन्धित बोर्ड वा सो सम्बन्धित निकायको पत्र पेस गर्न लगाई नयाँ नामलाई सचिवालयले स्वीकृत शैक्षिक संस्था वा बोर्डहरूको सूचीमा समावेश गरी आफ्नो वेबसाइडमा समावेश गर्न सक्ने छ।

१४. **त्रिभुवन विश्वविद्यालयले गरेको समकक्षताः** त्रिभुवन विश्व विद्यालयबाट प्रकाशित पुस्तिका The Directory Of Recognition And Equivalence of Educational Qualifications मा उल्लिखित शैक्षिक संस्था वा बोर्डहरूलाई मिति २०५६।०५।३० को (मन्त्रीस्तरीय) निर्णयले पाठ्यक्रम विकास केन्द्रबाटै समकक्षता भएको सरह मान्य हुने उल्लेख गरेकाले ती शैक्षिक संस्था वा बोर्डहरूलाई मान्यता तथा समकक्षता प्रदान गरिने छ।



*प्रथम संशोधनद्वारा संशोधित

** प्रथम संशोधनद्वारा थप

***दोस्रो संशोधनद्वारा संशोधित

**** दोस्रो संशोधनद्वारा थप

Curriculum Development Centre, Sanothimi, Bhaktapur

## परिच्छेद-९

## विविध

१५. **मान्यता तथा समकक्षताका लागि निवेदन दिने अवधि :** (१) यो निर्देशिका जारी हुनुभन्दा अघि प्राप्त गरिसकेको शैक्षिक योग्यता वा उपाधिको हकमा समितिले सार्वजनिक सूचना जारी गरी शैक्षिक योग्यता वा उपाधिको मान्यता तथा समकक्षताका निम्ति निवेदन दिनुपर्ने अवधि तोक्न सक्ने छ।

**(२) यो निर्देशिका जारी हुनुभन्दा अघि तत्कालीन नीति नियम र तोकिएको व्यवस्थाअनुसार समकक्षता प्राप्त गरिसकेकाहरूका हकमा तत्कालीन व्यवस्थाअनुसार नै समकक्षता भएको मानिने छ। तर कुनै व्यक्ति वा संस्थाले उही बोर्ड वा शैक्षिक संस्थाबाट प्राप्त गरेको शैक्षिक उपाधिको पुनः समकक्षता गराउन चाहेमा हालको व्यवस्था/प्रक्रियाअनुसार नै समकक्षता प्रदान गर्न सकिने छ।

१६. **कक्षा १० भन्दा तलका कक्षाको मान्यता तथा समकक्षता सम्बन्धी व्यबस्था :** (१) विदेशी शैक्षिक संस्थाहरूबाट कक्षा ८ वा ९ सरहको अध्ययन पूरा गरी नेपालमा अध्ययन गर्न चाहेमा सम्बन्धित विद्यार्थी वा निजका अभिभावकले विद्यार्थीले पढ्न चाहेको विद्यालयमा विद्यार्थीका शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिसहित निवेदन दिनुपर्ने छ। सम्बन्धित विद्यालयले विद्यार्थीको लिखित वा मौखिक परीक्षा लिन आवश्यक ठानेमा उक्त परीक्षा लिई उपयुक्त कक्षामा भर्नाका लागि आफ्नो रायसहित जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइमा अनुमति माग गर्नुपर्ने छ।

(२) जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइले विद्यालयको मागबमोजिम विद्यार्थी भर्ना गर्न उपयुक्त देखेमा कक्षा तोकी अनुमति दिन सक्ने छ।

(३) कक्षा ८ भन्दा तलको हकमा विद्यार्थीको उमेर, शैक्षिक स्तर, बौद्धिक क्षमता र शैक्षिक योग्यताका प्रमाण पत्र हेरी विद्यालयले उपयुक्त कक्षामा भर्ना गर्न सक्ने छ।

***१७. **सूची अद्यावधिक गर्ने :** निर्णय भएका नयाँ शैक्षिक संस्था वा बोर्डहरूको नामावलीको सूची समावेश गरी प्रत्येक वर्ष स्वीकृत बोर्ड वा शैक्षिक संस्थाको सूची अद्यावधिक गर्नुपर्ने छ र सोको जानकारी पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिने छ।

१८. **निर्देशन दिन सक्ने :** मन्त्रालयले समय समयमा मान्यता तथा समकक्षता सम्बन्धमा समितिलाई निर्देशन दिन सक्ने छ।

१९. **पूर्व निर्णय रद्ध गर्न सक्ने :** कुनै निवेदकले पेस गरेको कागजातका आधारमा समकक्षता पत्र दिएकामा पछि प्राप्त प्रमाणका आधारमा निजले पेस गरेका विवरण गलत ठहरिएमा उक्त मान्यता वा समकक्षता समितिले रद्द गर्न सक्नेछ। गलत मनसायले निवेदन पेस गरेमा वा प्रमाणपत्रका आधारमा गलत ठहरिई समकक्षता हुन नसकेका व्यक्तिले पछि समकक्षता गर्न चाहेमा त्यस्ता व्यक्तिको निवदेन स्वीकृत गरिने छैन।

२०. **निर्देशिका संशोधन गर्न सक्ने :** मन्त्रालयले समकक्षता निर्धारण समिति र सो सम्बन्धी विज्ञहरूको परामर्शमा निर्देशिकामा आवश्यक संशोधन गर्न सक्ने छ।

२१. **निर्देशिकाको व्याख्यासम्बन्धी व्यवस्था :** यस निर्देशिकामा भएका विषयमा थप स्पष्ट गर्नुपरेमा मन्त्रालयबाट भएको व्याख्या नै अन्तिम हुने छ।

२२. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने :** समितिको निर्णयानुसार सचिवालयले अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने छ।

२३. **बचाउ :** यो निर्देशिका जारी हुनुपूर्व मान्यता तथा समकक्षता निर्धारण सम्बन्धी निर्देशिका, २०७३ बमोजिम पाठ्यक्रम विकास केन्द्रले गरेका मान्यता तथा समकक्षता सम्बन्धी कार्यहरू र साविक उच्च माध्यमिक शिक्षा परिषद्द्वारा भए गरेका कार्यहरू यसै निर्देशिकाबमोजिम भएसरह मानिने छ।

Curriculum Development Centre, Sanothimi, Bhaktapur



*प्रथम संशोधनद्वारा संशोधित

** प्रथम संशोधनद्वारा थप

***दोस्रो संशोधनद्वारा संशोधित

**** दोस्रो संशोधनद्वारा थप

**८**अनुसूची–१

(दफा ३ को उपदफा ३(ग) सँग सम्बन्धित)

श्रीमान् प्रमुखज्यू,
पाठ्यक्रम विकास केन्द्र,
सानोठिमी, भक्तपुर ।

मिति : ............................

विषय : मान्यता तथा समकक्षता निर्धारण गरी पाऊँ ।

उपर्युक्त सम्बन्धमा ..................................ले निम्नानुसारको संस्थाबाट माध्यमिक शिक्षा (कक्षा १०/कक्षा १२) सरहको परीक्षा उत्तीर्ण गरेकाले शिक्षा नियमावलीअनुसार मान्यता तथा समकक्षता निर्धारण गरीपाऊँ भनी नियमानुसारको दस्तुरसहित आवश्यक कागजातहरू यसै निवेदनसाथ संलग्न गरी पेस गरेको व्यहोरा अनुरोध छ ।

| परीक्षा उत्तीर्ण गरेको बोर्डको नाम | कक्षा १० को विवरण | | | कक्षा १२ को विवरण | | | समकक्षताचाहेको कक्षा |
|---|---|---|---|---|---|---|---|
| | अध्ययन गरेको देश | उत्तीर्ण साल | उत्तीर्ण गरेको उपाधि/तह | अध्ययन गरेको देश | उत्तीर्ण साल | उत्तीर्ण गरेको उपाधि/तह | |
| | | | | | | | |

Curriculum Development Centre, Sanothimi, Bhaktapur

संलग्न गरिएका कागजातहरू

- लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट, उत्तीर्ण प्रमाणपत्र, माइग्रेसन, चारित्रिक प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरू:
- प्राइभेट र खुला विद्यालयमा अध्ययन गर्नेका हकमा अनलाइन दर्ता फाराम/प्रवेश पत्र/हल टिकट आदिका प्रमाणित प्रतिलिपिहरूसमेत
- राजस्व रकम रु. ........... बुझाएको नगदी रसिदको पहेँलो प्रतिथान १
- विदेशमा अध्ययन अवधि खुलेको राहदानी र भिसाको प्रमाणित प्रतिलिपि :
- अध्ययन गरेको बोर्ड/शैक्षिक संस्थाको वेबसाइट,..........................................., इमेल....................
- परीक्षा प्रणाली (वार्षिक, सेमेस्टर, सोध प्रणाली) सम्बन्धी कागजात थान .........
- नयाँ बोर्डका हकमा निम्नानुसारका थप कागजातहरू :



*प्रथम संशोधनद्वारा संशोधित
** प्रथम संशोधनद्वारा थप
***दोस्रो संशोधनद्वारा संशोधित
**** दोस्रो संशोधनद्वारा थप

- अध्ययन गरेको शैक्षिक संस्था/बोर्डको परिचय सम्बन्धी कागजातहरू (ब्रोसियर, बुलेटिन आदि) :.......
- अध्ययन गरेको बोर्डको कक्षा १०/१२ को मुख्य विषयहरूको पाठ्यक्रम/पाठ्यवस्तु थान :..........
- सम्बन्धित कुटनीतिक नियोग/दूताबासबाट प्रमाणित गरिएका शैक्षिक योग्यताका प्रमाणपत्रहरू :

अध्ययन गरेका मुख्य विषयहरू

१. २. ३.

४. ५. ६.

पेस गरिएका विवरण सबै ठिक छन् झुठा ठहरे कानुनबमोजिम सहुँला/बुझाउँला ।

निवेदकको नाम : हस्ताक्षर : सम्पर्क न. :

विद्यार्थीको ठेगाना: जिल्ला : गा.पा/न.पा :

वडा.न. : टोलको नाम :

कार्यालय प्रयोजनका लागि :

| दर्ता न. | समकक्षता दिनुपर्ने कक्षा | राजस्व रकम | रुजु गर्नेको नाम | रुजु गर्नेको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

Curriculum Development Centre, Sanothimi, Bhaktapur



*प्रथम संशोधनद्वारा संशोधित

** प्रथम संशोधनद्वारा थप

***दोस्रो संशोधनद्वारा संशोधित

**** दोस्रो संशोधनद्वारा थप